# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं.: २०८०/०८१
च.न.: —

लुम्बिनी प्रदेश, नेपाल

**धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको निकासी कर असुल गर्ने सम्बन्धी**

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/१०/१०**

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिलका स्थानहरूबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको निकासी कर संकलन गर्न ठेक्का बढावढ द्धारा वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले तपशिल बमोजिमका शर्तको अधिनमा रहि शिलवन्दी वोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र अर्थात मिति २०८०/१०/१६ गते कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक /नविकरण गरेको संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र, कर चुक्ता गरेको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र निर्माण व्यवसायीको हकमा निर्माण व्यवसायीय इजाजतपत्र, नियमानुसार उल्लेखित बोलपत्र दस्तुर बुझाएको रसिद वा धुर्कोट गाउँपालिकाको लक्ष्मी सनराईज बैंक लि.बर्वोट, गुल्मीमा रहेको धुर्कोट गाउँपालिका ग.१.१. आन्तरीक राजश्व खाता ०८१०५०१३०७७०३००७ को बैक भौचर (पछिफिर्ता नहुने गरी) निवेदन साथ संलग्न राखि माग गरे पछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. शिलबन्दी बोलपत्र ८ औं दिनको दिउसो १२ बजे सम्म कार्यालयमापेश गरि सक्नु पर्नेछ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी धुर्कोट गाउँपालिकाको लक्ष्मी सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.०८१०५०१३०७७०१००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका वोलपत्र सोही दिनको दिउसो १ बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कवोल गरेको रकम तीन किस्ता गरि बुझाउनुपर्नेछ । सम्झौता गर्दाको वखत एकमुष्ठ बुझाउन चाहेमा आफुले कवोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कवोल गरेको रकमअङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. वोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्तावापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्ने छ । अन्य किस्ताको धितो वापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । रित नपुगि वा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाहीहुने छैन ।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. धुर्कोट गाउँपालिकाले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु बोलपत्र दाताको कर्तव्य हुनेछ । कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

१०. छनोट भएको ठेकेदारले गाउँपालिकाले तोकेको दरमा कर उठाउदा प्रयोग गर्ने रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

११. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरूको दरभाउ पत्र स्वीकृत हुने छैन ।

१२. ठेक्का मुल्यांकन गर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको अंकलाई आधार मानिनेछ । दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ ।

१३. निकासीका अन्यशर्तहरू सम्झौताका बखत निर्धारण हुनेछ ।

जगुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

१४.यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

१५.अन्य थप जानकारीको लागि ९८५७०६७९१७, ९८५७०२३३४४, ९८६७९२३८२० मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| ठेक्का नं. | मालवस्तुको विवरण | न्युनतम अङ्क (मू.अ.कर. बाहेक) | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १५/०८०/८१ | पनाहाखोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहा खोलाको बगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको निकासी कर | रू. २,७७,४७०।- | रू.१,०००।- | |

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत